# प्रेश विज्ञप्ती

## मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.को प्रथम चरण र दोश्रो चरणमा निष्कासन गरिएको साधारण शेयर निष्कासनको बाँडफाँट सम्बन्धमा

ग्लोबल आइएमई क्यापीटल लि. को निष्काशन तथा बिक्री प्रबन्धक तथा प्रभु क्यापिटल लिमिटेड, सिभिल क्यापिटल मार्केट लिमिटेड, सिबिआईएल क्यापिटल लिमिटेड, सानिमा क्यापिटल लिमिटेड, लक्ष्मी क्यापिटल मार्केट लि. र एनआइएबिएल एस क्यापिटल लिमिटेडको सह-निष्काशन तथा बिक्री प्रबन्धकत्वमा निष्कासन भएको **मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड**को साधारण शेयर निष्काशनमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सम्पूर्ण C-ASBA सदस्य बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरुबाट प्रथम चरण र दोस्रो चरणमा निम्न बमोजिम आवेदन परेको व्यहोरा अनुरोध छ ।

१) **पहिलो चरण:**

रु.१००/- अंकित दरको १,१७,००,००० कित्ता साधारण शेयरहरु सञ्चयकोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताहरुको लागि मिति २०७५/०७/२८ गतेदेखि मिति २०७५/०८/१४ गतेसम्म खरिद आव्हान गरिएकोमा कुल १,३९,८०० आवेदन फारम मार्फत जम्मा ३,७१,१४,४०० कित्ताको लागि आवेदन प्राप्त भएकोमा रितपुर्वक आवेदन दिनुहुने जम्मा १,३९,७७८ जना आवेदकहरु मध्ये ५० देखि ९० कित्ता सम्म आवेदन दिने सबैलाई माग गरे बमोजिम कूल २४,८६६ जनाले १३,१२,४९० कित्ता तथा १०० देखि ५०० कित्ता माग गर्ने १,१४,९१२ जना आवेदकहरुलाई ९० कित्ताको दरले १,०३,४२,०८० गरी कूल १,१६,५४,५७० कित्ता बाँडफाँट पश्चात बाँकी रहन गएको ४५,४३० कित्ता शेयरलाई १०० कित्ता देखि ५०० कित्ता सम्म माग गरी आवेदन दिने आवेदकहरुलाई पुनः १० कित्ताको दरले बाँडफाँट गर्न नपुग हुने हुनाले गोलाप्रथाको माध्यमबाट ४,५४३ जना सफल आवेदनकर्ता छनौट गरी थप १० कित्ताको दरले ४५,४३० कित्ता शेयर पूनः बाँडफाँट गरी जम्मा १,३९,७७८ जना आवेदकलाई कूल १,१७,००,००० कित्ता शेयर बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ ।

२) **दोस्रो चरण:**

क) रु.१००/- अंकित दरको २१,००,००० कित्ता साधारण शेयरहरु संस्थापक संगठित संस्था (नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी लिमिटेड, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., नेपाल अरनिको हाइड्रोपावर कम्पनी प्रा.लि. तथा सिन्धु भोटेकोशी हाइड्रोपावर लि.) का कर्मचारीहरुका लागि मिति २०७५/०८/१९ गतेदेखि मिति २०७५/०८/२६ गते सम्म खरिद आव्हान गरिएकोमा कूल ८,४३९ आवेदन फारम मार्फत जम्मा ३८,९२,५५० कित्ताको लागि आवेदन प्राप्त भएकोमा रितपुर्वक आवेदन दिनुहुने सम्पुर्ण योग्य ८,४३९ जना आवेदकहरु मध्ये ५० कित्ता देखि २५० कित्ता सम्मको लागि आवेदन दिने सबै ५७३ जना आवेदकलाई निजहरुले माग गरे बमोजिमकै आधारमा कूल १,१६,३८० कित्ता तथा २६० देखि ५०० कित्ता माग गर्ने ७८६६ जना आवेदकहरुलाई २५० का दरले १९,६६,५०० गरी कूल २०,८२,८८० कित्ता बाँडफाँट गरी बाँकी रहन गएको १७,१२० कित्ता शेयरलाई २६० देखि ५०० कित्ता सम्म माग गरी आवेदन दिने आवेदकहरुलाई गोलाप्रथाको माध्यमबाट १,७१२ जना सफल आवेदनकर्ता छनौट गरी थप १० कित्ताको दरले १७,१२० कित्ता शेयर पून बाँडफाँट गर्ने गरी जम्मा ८,४३९ जना आवेदकलाई कूल २१,००,००० कित्ता शेयर बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ ।

ख) रु.१००/- अंकित दरको ६,००,००० कित्ता साधारण शेयरहरु ऋणदाता संस्था श्री कर्मचारी सञ्चयकोषका कर्मचारीहरुको लागि २०७५/०८/१९ गतेदेखि मिति २०७५/०८/२६ गते सम्म खरिद आव्हान गरिएकोमा कूल ६१२ आवेदन फारम मार्फत जम्मा ६,४३,७३० कित्ताको लागि रितपुर्वक आवेदन प्राप्त भएकोमा निज सम्पुर्णलार्य कर्मचारी सञ्चयकोषले निर्धारण गरेको बाँडफाँट तालिका बमोजिम ६१२ जना आवेदकहरुमा जम्मा कुल ६,००,००० कित्ता शेयर बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ ।

मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. को प्रथम चरण र दोस्रो चरण गरी जम्मा १४८,८२९ जना आवेदकहरुमा कूल जम्मा १,४४,००,००० कित्ता शेयर आज मिति २०७५/०९/०४ गते बुधबार दिउँसो ३:०० बजे स्मार्ट क्याफे एण्ड ब्यांकेट, धुम्बाराही काठमाण्डौंमा कम्पनी रजिष्ट्रारको कार्यालय, निष्कासन कम्पनी, निष्कासन तथा विक्री प्रवन्धक, सह-निष्कासन तथा विक्री प्रवन्धकहरु र प्रोफेशनल कम्प्युटर सिस्टम प्रा.लि. का प्रतिनिधिहरुको उपस्थितिमा बाँडफाँट गरियो ।

उक्त बाँडफाँटको नतिजा निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटत लि. को वेभसाइट www.globalimecapital.com, सह निष्कासन तथा विक्री प्रवन्धकहरुको वेभसाइट क्रमशः www.prabhucapital.com, www.civilcapitalmarket.com, www.laxmicapital.com.np, www.cbilcapital.com, www.sanima.capital, www.niblcapital.com तथा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.mbjcl.com.np मा उपलब्ध गराइएको व्यहोरा समेत जानकारी गराइन्छ ।

..............................
मणि कुमार काफ्ले
प्रमुख कार्यकारी अधिकृत
मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.
मितिः२०७५/०९/०४

MBKJCL

..............................
पारस मणी ढकाल
प्रमुख कार्यकारी अधिकृत
ग्लोबल आइएमई क्यापीटल लि.
मितिः२०७५/०९/०४

Global IME Capital Limited